# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ सङ्ख्या : १८ मिति : मंसिर १३, २०७५

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

# क्यान्सर, मृगौला, मुटुरोग तथा स्पाइनल इन्ज्युरीका बिरामीहरुलाई उपचारका लागि यातायात खर्च प्रदान गर्ने सम्बन्धी निर्देशिका-२०७५

**कार्यपालिकाबाट स्वीकृत मिति २०७५/०७/३०**

## १.परिकल्पना (Vision) :

क्यान्सर, मृगौला रोग, मुटु रोग तथा स्पाइनल इन्ज्युरीका आर्थिक रुपले विपन्न बिरामीहरुलाई विशेष उपचारका लागि यस उर्लाबारी नगरपालिका बाहिर रहेका सम्बन्धीत रोगको विशेषज्ञ अस्पतालमा गई सेवा लिनुपर्ने आवश्यक भएमा सो सेवा लिन जाने र आउने  यातायात खर्च प्रदान गरी स्वास्थ्य रही सम्मानजनक तरिकाले बाँच्न पाउने अधिकारको संरक्षण हुने साथै उपचारबाट बञ्चितिको अवस्था नरहने र समयमा नै उपचार भई जीवनयापन सहज हुने वातावरण सिर्जना हुने ।

## २.आवश्यकता (Necessity) :

विपन्न नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने कार्यमा नगरपालिकाको प्रमुख जिम्मेवारी रही आएको हुँदा यस नगरमा बसोबास गर्ने नागरिकहरु क्यान्सर, मृगौला रोग र मुटु रोगबाट पीडित भएर पनि यातायात खर्चको अभावमा विशेषज्ञ सेवा लिन जान नसकेको साथै स्पाइनल इन्ज्युरीका बिरामीहरु समेत सम्बन्धीत विशेषज्ञ अस्पतालमा गई उपचार लिनवाट बञ्चित भईरहेको हुँदा त्यस्ता विपन्न वर्गका नगरिकहरुको स्वास्थ्य परीक्षण नियमित गर्ने कार्यमा यातायात खर्च उपलब्ध गरी सहयोग पुर्‍याउन नगरसभावाट बजेट समेत विनियोजन भएको हुदाँ विभिन्न स्थानका अस्पतालहरुमा गई उपचार गराउँदा दूरी अनुसार यातायात खर्च प्रदान गरी सहज रुपमा स्वास्थ्य सेवा

उपलब्ध गराउन आवश्यक रहेकोले उर्लाबारी नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## ३. यातायात खर्च पाउने आधारहरु :

१. उर्लाबारी नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने ।

२. नेपाली नागरिकताको प्रतिलिपि वा नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपि ।

३. सम्बन्धीत वडा कार्यालयको विपन्न भनी प्रमाणित गरिएको सिफारिश ।

४. यस निर्देशिका बमोजिमका रोगहरु निदान भई थप उपचारका लागि प्रेषण गरिएका वा सम्भावित निदान भई प्रेषण गरिएका बिरामीहरु ।

५. फलोअप र रोग निदानको लागि सामुदायीक वा सरकारी स्वास्थ्य संस्थाबाट प्रेषण गरीएको प्रेस्क्रिप्सन सहितको कागजात र सो अनुसार प्रेषण गरिएको अस्पतालमा उपचार गराएको बिरामी पुर्जा लगायतका कागजातहरु ।

६. यस निर्देशिका बमोजिमका रोगहरु सम्बन्धी विशेषज्ञ सेवा सहितको अस्पतालमा उपचार गराउन प्रेषण गरिएकोमा मात्र यातायात खर्च उपलब्ध गराइने छ ।

## ४. वितरण गरिने यातायात खर्च सम्बन्धी व्यवस्था :

यस निर्देशिका प्रयोजनको लागि दफा ३ का आधारहरुको स्वास्थ्य शाखाबाट यकिन गरी नगर प्रमुखको सिफारिशमा एकजना बिरामीलाई एक आ.व.मा एकपटकको लागि मात्र तपशिल अनुसारको यातायात खर्च रकम उर्लाबारी नगरपालिकाको आर्थिक प्रशासन शाखावाट उपलब्ध गराइने छ ।

१. उर्लाबारीबाट विराटनगर, धरान र विर्तामोड वा ८० कि.मि. सम्ममा रहेका अस्पतालहरुका लागि रु. ५०००/-
२. उर्लाबारीबाट ८० कि.मि. देखि २०० कि.मि. सम्ममा रहेका अस्पतालहरुका लागि रु. ७५००/-
३. भरतपुर र काठमाण्डौ वा २०० कि.मि. भन्दा माथि १००० कि.मि. सम्ममा रहेका अस्पतालहरुका लागि रु. १०,०००/-
४. भारत वा विदेशमा प्रेषण भई उपचार गराउने बिरामीहरुको लागि यातायात खर्च उपलब्ध गराइने छैन ।

**५. वित्तीय श्रोत :**

क्यान्सर, मृगौला, मुटुरोग तथा स्पाइनल इन्ज्युरीका बिरामीहरुलाई उपचारका लागि यातायात खर्च प्रदान गर्ने शीर्षकमा उर्लाबारी नगरसभाबाट विनियोजित रकम यस निर्देशिका कार्यान्वयनको लागि वित्तीय श्रोत हुने छ ।

**६. प्रारम्भ तथा परिमार्जन:**

यो निर्देशिका उर्लाबारी नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ । यो निर्देशिकालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले थपघट गरी परिमार्जन गर्न सक्नेछ ।

प्रमाणीकरण मिति : २०७५/०७/३०

**आज्ञाले,**
**विष्णु प्रसाद कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. ५/-*